༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་ཚོ།

# खुम्बु पासाङल्हामु गाउँपालिका

**Khumbu Pasanglhamu Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

प.सं. ०८२/०८३

चं.नं.

मितिः २०८२/०८/२६

सूचना नं. ६२

विषय : तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

उपर्युक्त सम्बन्धमा यस खुम्बु पासाङल्हामु गाउँपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिका लागि कोशी प्रदेशको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा ४ को उपदफा (५) र दफा २७ को उपदफा (१) र (२) मा गरिएको व्यवस्था बमोजिम योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तह वृद्धिका लागि तपसिलमा उल्लिखित कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपशील :

१. पछिल्लो ३ वर्षमा कार्यसम्पादन मुल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
३. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,
४. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएका कर्मचारीहरुको हकमा),
५. विभागीय सजाय नपाएको, निलम्बनमा नपरेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
६. पेशा सम्वन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र) ।

०८२।८।२६

**घन प्रसाद आचार्य**
अधिकृत छैटौं
खुम्बु पासाङल्हामु गाउँपालिका

Email: ito.khumbupasanglhamumun@gmail.com, Phone: +97738590046

CamScanner